# शहिद लखन गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम-२०८२

# प्रतिवेदन

सहजीकरण

**सहमत मिडिया प्रालि**

शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ, गोरखा

२०८२ असार ३० गते

# विषय सूची

(क) कार्यकारी सारांश
अध्याय १: परिचय
१.१ कार्यक्रमको पृष्ठभूमि
१.२ सार्वजनिक सुनुवाइको औचित्य र महत्व तथा उद्देश्य
अध्याय २: कार्यक्रमको विवरण
अध्याय ३: कार्यक्रम सञ्चालनको विधि
३.१ तयारी चरण
३.२ कार्यक्रम कार्यान्वयन चरण
३.३ तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण
अध्याय ४: कार्यक्रमको प्रस्तुति तथा छलफल
४.१ कार्यक्रमको उद्देश्यमाथि प्रकाश
४.२ गाउँपालिकाको प्रगति प्रतिवेदन प्रस्तुति
अध्याय ५: नागरिक स्तरबाट उठाइएका प्रमुख सवाल तथा जिज्ञासाहरू र जवाफ
अध्याय ६: विश्लेषण तथा निष्कर्ष
७.१ प्रमुख उपलब्धिहरू
७.२ प्रमुख चुनौतीहरू
७.४ निष्कर्ष
अध्याय ८: सुझावहरू
अनुसूचीहरू
अनुसूची १: सार्वजनिक सुनुवाईको सूचना
अनुसूची २: सार्वजनिक सुनुवाईको आचारसंहिता
अनुसूची ३: बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन
अनुसूची ४: सार्वजनिक सुनुवाइ कार्यक्रमको तालिका
अनुसूची ५: गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माण
अनुसूची ६: सार्वजनिक सनुवाईको तस्विरहरु
अनुसूची ७: सार्वजनिक सनुवाई कार्यक्रमको उपस्थिति

## (क) कार्यकारी सारांश

सहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोरखाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गण्डकी सरकारले तयार गरेको सामाजिक उत्तरदायित्व प्रबर्द्धन निर्देशिका २०७७ बमोजिम नागरिकप्रति उत्तरदायी, पारदर्शी र जवाफदेही शासन प्रणाली प्रवर्द्धन गर्ने उद्देश्यले आर्थिक वर्ष २०८१/८२ को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम २०८२ असार ३० गते गाउँपालिकाको केन्› घैरुङमा आयोजना गऱ्यो । सहमत मिडिया प्रा.लि. को सहजीकरणमा सम्पन्न उक्त कार्यक्रमको अध्यक्षता गाउँपालिका अध्यक्ष श्री रमेशबाबु थापा मगरले गर्नुभएको थियो ।

कार्यक्रममा गाउँपालिकाले आर्थिक वर्षभित्र सम्पादन गरेका विकास निर्माण, सेवा प्रवाह, कृषि, पशु, स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रका प्रगति विवरणहरू प्रमुख प्रशासकीय अधिकृत श्री बाबुराम मगर, उपाध्यक्ष श्री इन्दिरा तिवारी तथा विषयगत शाखा प्रमुखहरूले प्रस्तुत गर्नुभएको थियो । प्रस्तुति पश्चात् नागरिक स्तरबाट उठेका विभिन्न जिज्ञासाहरूमाथि प्रत्यक्ष छलफल गरिएको थियो ।

कार्यक्रममा सहभागी नागरिकहरूले पशु बिमा, कृषि अनुदानको प्रभावकारिता, पूर्वाधार निर्माणको गुणस्तर, तालिमको सान्दर्भिकता, युवा पलायन र रोजगारी सिर्जना जस्ता महत्वपूर्ण सवालहरू उठाएका थिए । उठेका जिज्ञासाहरूको जवाफ सम्बन्धित पदाधिकारीहरूले दिनुभएको थियो भने गाउँपालिका अध्यक्षले देखिएका कमीकमजोरीहरूलाई आगामी दिनमा सुधार गर्दै 'कृषि एम्बुलेन्स' र 'भूमि बैंक' जस्ता नवीन कार्यक्रमहरू ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

समग्रमा, यो कार्यक्रमले स्थानीय सरकार र नागरिकबीच प्रत्यक्ष संवादको वातावरण सिर्जना गरी विश्वासको सम्बन्धलाई थप मजबुत बनाउन सफल भएको छ । कार्यक्रमबाट प्राप्त सुझावहरूलाई आत्मसात् गरी आगामी नीति तथा कार्यक्रममा समावेश गर्ने प्रतिबद्धता सहित कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो ।

# अध्याय १: परिचय

## १.१ कार्यक्रमको पृष्ठभूमि

नेपालको संविधानले स्थानीय तहलाई स्वायत्त शासनको अधिकार प्रदान गर्दै नागरिकको सबैभन्दा नजिकको सरकारको रूपमा स्थापित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ ले स्थानीय तहले आफूले सम्पादन गरेका काम कारबाहीलाई परीक्षणका लागि चौमासिक रूपमा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान सुनिश्चित गरेको छ । साथै गण्डकी प्रदेश सरकारबाट निर्माण भएको सुशासन ऐन २०७६ र सोही अन्तर्गत बनाइएको सामाजिक उत्तरदायित्व प्रबर्द्धन निर्देशिका २०७७ को व्यवस्था र लोकतान्त्रिक शासन प्रणालीको मर्मलाई आत्मसात् गर्दै सहिद लखन गाउँपालिकाले आफ्नो स्थापनाकालदेखि नै नियमित रूपमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्दै आएको छ ।

आर्थिक वर्ष २०८१/८२ को अन्त्यतिर आइपुग्दा गाउँपालिकाले नीति तथा कार्यक्रम र बजेट मार्फत तय गरेका लक्ष्यहरू के-कति हासिल भए, विकास निर्माणका कार्यहरू कुन अवस्थामा छन्, सेवा प्रवाह कत्तिको प्रभावकारी रह्यो र नागरिकका अपेक्षाहरू कति सम्बोधन भए भन्ने विषयमा पारदर्शी रूपमा जानकारी गराउनु र नागरिकका गुनासा तथा सुझावहरू सङ्कलन गर्नु अनिवार्य थियो । यही आवश्यकतालाई महसुस गरी गाउँ कार्यपालिकाको निर्णय बमोजिम यो सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हो ।

१.२ **सार्वजनिक सुनुवाइको औचित्य, महत्व तथा उद्देश्य**

*सार्वजनिक सुनुवाइ लोकतान्त्रिक अभ्यासको एक महत्वपूर्ण औजार हो । यसले निम्न विषयहरूमा प्रत्यक्ष योगदान पुऱ्याउँछः*

- **पारदर्शिता**ः सरकारले गरेका काम, निर्णय र खर्चहरूलाई नागरिकसामु खुला रूपमा प्रस्तुत गरी पारदर्शिता प्रवर्द्धन गर्दछ ।
- **जवाफदेहिता**ः जनप्रतिनिधि र कर्मचारीहरूलाई आफ्ना कामप्रति नागरिकसामु जवाफदेही बनाउँछ ।
- **नागरिक सहभागिता**ः नीति निर्माण र विकास प्रक्रियामा नागरिकको सक्रिय सहभागिता सुनिश्चित गर्दछ ।
- **सुशासन**ः भ्रष्टाचार नियन्त्रण, स्रोतको उचित सदुपयोग र विधिको शासन कायम गर्न मद्दत गर्दछ ।
- **विश्वासको वातावरण**ः सरकार र नागरिकबीचको दूरी घटाई आपसी विश्वास र सहकार्यको वातावरण निर्माण गर्दछ ।

*यस कार्यक्रमका प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका थिएः*

- सहिद लखन गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन गरेका योजना तथा कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगति विवरण सार्वजनिक गर्नु ।
- गाउँपालिकाबाट प्रवाह भइरहेका सेवाहरूको प्रभावकारिता, समस्या र चुनौतीबारे नागरिकबाट प्रत्यक्ष पृष्ठपोषण लिनु ।
- नागरिकका गुनासा, जिज्ञासा र सरोकारहरूलाई सम्बोधन गरी स्थानीय सरकार र नागरिकबीचको सम्बन्धलाई सुमधुर बनाउनु ।
- गाउँपालिकाको काम कारबाहीमा सुधार गर्नुपर्ने क्षेत्रहरू पहिचान गरी आगामी नीति, कार्यक्रम तथा बजेट निर्माणका लागि महत्त्वपूर्ण आधार तयार पार्नु ।

## अध्याय २ः कार्यक्रमको विवरण

२.१ **कार्यक्रमको नाम**ः आर्थिक वर्ष २०८१/८२ को सार्वजनिक सुनुवाई कार्यक्रम

२.२ **आयोजक तथा सहजकर्ताः**

**आयोजक**ः सहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोरखा ।

**सहजकर्ता**ः सहमत मिडिया प्रा.लि. (सहजकर्ताः प्रकाश ढकाल)

२.३ **मिति, समय र स्थानः**

**मिति**ः २०८२ असार ३० सोमबार

**समय**ः बिहान ११ः०० बजे देखि दिउँसो ४ः३० बजेसम्म

**स्थान**ः गाउँ कार्यपालिकाको सभाहल, घैरुङ ।

२.४ **अध्यक्षता र प्रमुख जवाफदेही**:

**अध्यक्षता**: श्री रमेशबाबु थापा मगर-अध्यक्ष, सहिद लखन गाउँपालिका

**प्रमुख जवाफदेही**:

इन्दिरा तिवारी-उपाध्यक्ष

बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत

२.५ **सहभागीहरूको विवरण**:

कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उत्साहजनक उपस्थिति रहेको थियो, जसमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, विभिन्न वडाबाट प्रतिनिधित्व गर्ने स्थानीय नागरिक तथा सेवाग्राहीहरू, शिक्षक, बुद्धिजीवी, नागरिक समाजका अगुवाहरू, र स्थानीय सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

(**कुल सहभागी संख्या: १०० देखि १२० जना**)

## अध्याय ३: **कार्यक्रम सञ्चालनको विधि**

*कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन देहायको विधि अवलम्बन गरिएको थियो:*

३.१ **तयारी चरण**:

**सार्वजनिक सूचना**: कार्यक्रमबारे सबै नागरिकलाई जानकारी गराउन गाउँपालिकाको वेबसाइट, सूचना पाटी तथा स्थानीय सञ्चारमाध्यम मार्फत सार्वजनिक सूचना प्रकाशित गरिएको थियो ।

**जिज्ञासा सक्तलन**: कार्यक्रमअघि नै नागरिकका जिज्ञासाहरू सङ्कलन गर्न सहजकर्ता संस्थाले विभिन्न वडाहरूमा बहिर्गमन अभिमत (EXIT POLL) र नागरिक प्रतिवेदन (Citizen Report Card) को सर्वेक्षण फाराम भरेको थियो ।

**निमन्त्रणा**: सम्बन्धित सरोकारवालाहरूलाई कार्यक्रममा उपस्थितिका लागि औपचारिक रूपमा पत्राचार तथा निमन्त्रणा गरिएको थियो ।

**प्रतिवेदन तयारी**: गाउँपालिकाले आफ्नो वार्षिक प्रगति प्रतिवेदन तथा विषयगत प्रस्तुतिहरूलाई अन्तिम रूप दिएको थियो ।

३.२ **कार्यक्रम कार्यान्वयन चरण**:

**स्वागत र उद्देश्य**: सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारिएको थियो

**प्रगति प्रतिवेदन प्रस्तुति**: पालिकाको वार्षिक प्रगति विवरण प्रस्तुत गरिएको थियो

**प्रश्न–उत्तर तथा अन्तरक्रिया**: सहभागीहरूबाट उठेका मौखिक तथा लिखित प्रश्नहरूलाई सहजकर्ताले व्यवस्थित रूपमा प्रस्तुत गरी सम्बन्धित पदाधिकारीबाट जवाफ दिने व्यवस्था मिलाइएको थियो ।

**प्रतिबद्धता तथा समापन**: गाउँपालिका अध्यक्षले उठेका सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

३.३ **तथ्यांक संकलन तथा अभिलेखीकरण**:

- कार्यक्रमको सम्पूर्ण अडियो तथा केही वक्तव्यहरुको भिडियो रेकर्डिङ गरिएको थियो ।
- सहभागीहरूबाट लिखित रूपमा पनि प्रश्न तथा सुझावहरू माग गरिएको थियो ।
- सहभागीहरूको हस्ताक्षर सहितको नामावली तयार पारिएको थियो ।

## अध्याय ४: कार्यक्रमको प्रस्तुति तथा छलफल

### ४.१ उद्देश्यमाथि प्रकाश

कार्यक्रमको सुरुवातमा उपाध्यक्ष श्री इन्दिरा तिवारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्य र महत्वबारे जानकारी गराउनुभएको थियो। उहाँले यो मञ्च सरकार र नागरिकबीचको पुल भएको बताउँदै रचनात्मक र मर्यादित भएर आफ्ना जिज्ञासा राख्न सहभागीहरूलाई अनुरोध गर्नुभयो।

### ४.२ गाउँपालिकाको प्रगति प्रतिवेदन प्रस्तुति

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री बाबुराम मगरले गाउँपालिकाको समग्र प्रशासनिक र वित्तीय अवस्थाबारे प्रस्तुति दिनुभएको थियो। उहाँले चालु आर्थिक वर्षको पुँजीगत तथा चालु खर्चको अवस्था, राजस्व सङ्कलन र बजेट कार्यान्वयनको स्थितिबारे जानकारी गराउनुभयो। उहाँले चालु खर्च ८०.२९% र पुँजीगत खर्च ७५.७३% रहेको तथ्याङ्क प्रस्तुत गर्दै यसको कारणबारे स्पष्ट पार्नुभएको थियो।

## अध्याय ५: नागरिक स्तरबाट उठाइएका प्रमुख सवाल तथा जिज्ञासाहरू र जवाफ

| | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा स्पष्टता |
|---|---|---|---|
| १. | चन्द्रप्रसाद रेग्मी | ➢ भैँसी पालेको किसानको भैँसी ब्याउँदा या अनेक कारणले मर्छ, बिमा गराउन पाइरहेको छैन । गाउँका किसानहरूले दशौँ पटक फोन गर्दा पनि उपलब्ध हुन सकेको छैन । पालिकाले ताकेता गर्नुपर्‍यो । कि किसानको कुरा यस्तै हो भनेर नसुनिएको हो ? | ➢ हाम्रा कर्मचारीहरूले नै यो पशु बिमा सम्बन्धी काम गर्दै आउनुभएको छ। सिधै यहाँहरूले पशु बिमाको लागि पशु सेवा शाखामा सम्पर्क राख्नुभएको खण्डमा हामी यो समाधान गर्छौं । कहिलेकाहीँ चाहिँ जो कम्पनीमा उहाँहरू आबद्ध हुनुहुन्छ, त्यही कम्पनीले यो पशु बिमा नै गर्न नमान्ने भन्ने कुरा छ। त्यो चाहिँ हाम्रो समस्याभन्दा नि त्यही कम्पनीको समस्या होला । उहाँहरूसँग पनि हामी बस्छौं, छलफल गर्छौं । |
| २. | राजेश आले | ➢ हाम्रो पालिकाको पुँजीगत खर्च किन घट्यो ? चालू खर्च बढेको बढ्यै छ । पूँजीगत खर्च बढाउने | ➢ संघीय सशर्त अनुदानका कारण पूँजीगत खर्च अपेक्षाकृत हुन सकेन। यसपालि मनकामनाको फोहोर व्यवस्थापन केन्द्र ठेक्का लगाउन सकिएन, ३ करोड |

| | | | |
|---|---|---|---|
| | | योजना के छ ? कि सँधै यस्तै भैरहने हो ?<br>➢ आन्तरिक आम्दानी पनि निकै कम भएछ । हाम्रो गाउँपालिका आत्मनिर्भर बन्नको लागि करको दायरा बढाउन चाहिँ हामीले कति मेहेनत गर्नुपर्दो रहेछ ?<br>➢ पालिकाले कृषिलाई प्रमुख प्राथमिकतामा राखेको भनेको छ । कृषिमा जम्मा १.४ प्रतिशत बजेट रहेछ । यो त लज्जाजनक कुरा भयो ।<br>➢ हाम्रो बजेट र प्रगति प्रतिवेदनले पर्यटनको विषय चाहिँ बोल्दै बोलेन । पर्यटन क्षेत्र छोडिदिने हो कि व्यवस्थित गरेर लैजाने हो ?<br>➢ तालिमहरु औपचारिकताका लागि मात्रै भए । सुधारौं ।<br>➢ सार्वजनिक सुनुवाइ कार्यक्रममा पालिकाको प्रगति प्रतिवेदन प्रिन्ट गरेर सबैलाई बाँड्नुपर्‍यो । राम्रोसँग सुनिएन, बुझ्दा पनि बुझिएन । | फर्कियो । चालू खर्च स्वभाविक रुपमा बढिरहेको छ । तर पुँजीगत पनि नराम्रो छैन, आगामी दिनमा अझै सुधार्छौं ।<br>➢ आन्तरिक आम्दानी लक्ष्य नजिक उठेको छ । यहाँले लक्ष्य बढाउनुपर्‍यो भन्ने सुझाव दिनुभएको छ । यसलाई विस्तारै थप्दै लैजान्छौं । अहिलेसम्मको आम्दानीले हामी आत्मनिर्भर हुन नसक्ने सत्य हो । राम्रो गर्ने प्रयास गर्छौं ।<br>➢ कृषि र पर्यटनमा बजेट कम भएको यथार्थ हो । सुरुमा भौतिक पूर्वाधारमा केन्द्रित हुनुपर्‍यो, हामी कनेक्टिभिटीमा व्यस्त भयौं । अब यी क्षेत्रलाई प्राथमिकतामा राखिनेछ । पर्यटन र कृषि दुवै हाम्रो प्राथमिकताको क्षेत्र हो ।<br>➢ तालिमहरूलाई सीप विकास र रोजगारीसँग जोडेर नयाँ मोडालिटीमा लैजानेछौं । अहिलेसम्म जुन तालिममा पनि एउटै व्यक्ति उपस्थित हुन थाले । अब मागका आधारमा तालिम गर्ने भनेका छौं । यो सुधार हुन्छ । तर तालिम हामीले राखेर पनि सहभागीता विस्तारै घट्दैछ, कहिलेकाहिँ तालिम नै गर्न नसक्ने अवस्था बनेको छ ।<br>➢ प्रतिवेदन समयमै उपलब्ध गराउन नसकेकोमा हामी क्षमाप्रार्थी छौं । आगामी दिनमा सबैलाई उपलब्ध गराइनेछ । |
| ३. | सिताराम ढकाल | ➢ लखन थापा मार्ग पिच गरेर सडक त बलियो पार्यौं, राम्रो भयो । तर सडकको दायाँ-बायाँ परेका खेतहरू, खानेपानीका धाराहरू, लगायतका ढलको व्यवस्थापनमा राम्रोसँग ध्यान दिइएन । यसकै कारण गतसाल ठूलो पहिरो आयो । खोलामा एउटा स्ल्याब कल्भर्ट राख्न पाए गाउँलाई अलिकति जोखिमबाट बचाउन सकिन्थ्यो । पालिकाको ध्यान पुगोस् । | ➢ पक्कै पनि यसले त्यहाँ वरिपरिका बस्तीहरूमा विभिन्न असरहरू गरेका छन् । र त्यसलाई हामीले अलिकति सम्बोधन गरेका पनि छौँ र आगामी दिनमा अझ गर्दै जानेछौँ । खगीमा खेतहरूलाई पर्न गएको जुन मर्का थियो, त्यसको सम्बोधनको लागि हामीले सामान्य किसिमको, गाउँपालिकाले सक्ने किसिमको आर्थिक सहयोग पनि गरेका थियौँ । आगामी दिनमा कसरी मजबुत बनाउन सकिन्छ, अध्ययन गरेर सक्दो प्रयास गर्छौं । पालिकाले सम्बोधन गर्छ । |
| ४. | ध्रुव खनाल | ➢ हामीले गरेको ठेट काम के हो त भनेर देखाउने फिगर चाहिँ देखिँदैन । कुनै एउटा स्थानीय उद्योग चलाइयो, यो उत्पादनमा आत्मनिर्भर भयौं भनेर कहिले भन्ने हो ?<br>➢ पालिकाको अहिलेसम्मको लगानी कहाँ गयो ? आउटपुट चाहिँ | ➢ यहाँले उठाउनुभएका प्रश्नहरू अत्यन्तै सान्दर्भिक छन् । उत्पादन र रोजगारी सिर्जनामा हामीले अपेक्षाकृत सफलता हासिल गर्न नसकेको यथार्थ हो । यसैलाई सम्बोधन गर्न हामी आगामी आर्थिक वर्षदेखि दुईवटा नवीन कार्यक्रम ल्याउँदैछौंः 'कृषि एम्बुलेन्स' जसले किसानको उत्पादनलाई |

| | | | |
|---|---|---|---|
| | | के हो ? रिजल्ट ओरिएन्टेड काम भएको देखिएन । | बजारसम्म पुऱ्याउनेछ, र 'भूमि बैंक' जसले बाँझो जमिनलाई उत्पादनमा लगाउनेछ । यसमा राजनीतिक दलहरुले पनि सहयोग गर्नुपऱ्यो । |
| ५. | **काजीराम श्रेष्ठ** | ➢ पालिकाबाट बसाई-सरेर ३१२ जना गएछन् । यो संख्या बढ्दै गएको छ । आखिर हामीले विकास केका लागि ?<br>➢ सार्वजनिक सुनुवाइमा अन्यत्रतिर बढी चासोका साथ भिडभाड हुन्छ । प्रश्न गरिन्छ । यहाँ किन कम भयो ? | ➢ बसाइसराईं यहाँ मात्रै होइन, देशभर छ। तर त्यसमा खुसी हुने होइन । हामीलाई चिन्ता छ। रोक्ने प्रयास गरिएको छ । काम पालिकाले गरिरहेको छ । रोजगारीमा जोड्न सकेका छैनौं । अब सुधार हुन्छ<br>➢ बर्खाको बेला भएर पनि कम उपस्थिति भयो । केही हाम्रा पनि कमजोरी छन् । आगामी दिनमा धेरै उपस्थित गराउन प्रयास गर्छौं । अहिलेको उपस्थिति चाहिँ अपेक्षा भन्दा पनि कम हो । |

नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतमा आएका प्रश्नको जवाफ

➢ **गाउँपालिकाको मुख्य सडक ढुंगागाडे–नामजुङ–मनकामना सडकको स्तरोन्नती गर्न सम्पूर्ण जनप्रतिनिधि एकजुट भएर लाग्नुपऱ्यो । बर्खामा जताततै पहिरो झर्ने अवस्था छ, अहिले नै विपद् कोषमा रकम राखेर पहिरो झर्ने वित्तिकै मर्मत गर्ने वातावरण तयार गरियोस् ।**

गत वर्ष पहिरो जाँदा बाटो खुलाउन ढिलाइ भएको अनुभवबाट सिक्दै, यो वर्ष विपद् प्रतिकार्यलाई छिटो बनाउन गाउँपालिकाले एक निजी कम्पनीसँग सम्झौता गरेको छ । सम्झौता अनुसार, साउन र भदौ महिनाभरि डोजर र अपरेटरलाई तलब दिएर तयारी अवस्थामा राखिनेछ, जसले गर्दा कुनै पनि विपद्मा तत्काल परिचालन गर्न सकियोस् ।

➢ **प्राकृतिक स्रोत साधन प्रयोग गरेवापत कर लिने गरिएको छ । उपभोक्ता समिति र निर्माण व्यवसायीलाई यसले मर्का पऱ्यो । गाउँको विकासमा सामग्री प्रयोग गर्दा कर नलिने व्यवस्था गरियोस् ।**

महालेखा परीक्षक (मलेप) को निर्देशन तथा प्रदेश सरकारले तोकेको दररेटमा गाउँ सभाबाट निर्णय गरी प्राकृतिक स्रोत साधनको प्रयोगमा कर अनिवार्य गरिएको हो । यो करबापतको रकम लागत अनुमान (इस्टिमेट) मै समावेश हुने हुँदा उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई थप आर्थिक भार पर्दैन । सुरुमा केही असहजता भए पनि अहिले यो व्यवस्थालाई सबैले सहज रूपमा स्वीकार्दै गएका छन्, किनकि कर तिर्नु नागरिकको दायित्व पनि हो ।

➢ **पालिकामा भएका गाडीहरुले खर्च मापदण्ड पालना भएको छैन । कसले चढ्ने गाडीले के सुविधा पाउने हो ? त्यो अनुगमन गरेर बढी स्रोत उपयोग गर्नेको फिर्ता लिइयोस् ।**

पदाधिकारीका लागि प्रदेश सरकारले तोकेको इन्धन र मर्मतको मापदण्ड (नम्स) पालना गर्ने प्रयास गरिएको छ । तर, ती सवारी साधनहरु कार्यालयका अन्य कामहरू (जस्तैः स्वास्थ्य सेवा, विपद्) मा समेत प्रयोग हुने र बाटोघाटोको अवस्था कमजोर भएकाले तोकिएको सीमाभन्दा खर्च बढी देखिएको हो । सेवा प्रवाहका लागि सवारी साधन अनिवार्य भएकाले यो आवश्यक खर्च हो र यसको दुरुपयोग गरिएको छैन ।

➢ **कार्यालयको भवन भव्य बनेको देखियो । तर भवनसम्म आउने बाटो र आँगन राम्रो भएन । यसलाई पनि आकर्षक बनाइयोस् ।**

सेवा केन्द्रमा आउने बाटो र आँगन राम्रो नभएको गुनासो जायज छ । हामीले यसलाई सबैका लागि सहज र आकर्षक बनाउन खोजेका हौँ । निर्माण कार्य ठेक्का प्रक्रियामा छ र यो क्रमागत योजना भएकाले यस वर्ष सम्पन्न हुन सकेन । आगामी दिनमा यो अवश्य राम्रो बन्नेछ र यहाँ बालउद्यान सहितको आकर्षक परिसर निर्माण गरिनेछ ।

➢ **तालिमहरु असार लागेपछि मात्रै किन हुन्छ ? तालिम किन समयमा हुँदैन ? कि समयमा गरियोस्, नभए नगरेपनि हुन्छ । पालिकाले आगामी दिनमा ध्यान दियोस् ।**

हो, यसपटक तालिमहरू सञ्चालन गर्न केही ढिला भयो । आगामी दिनमा यस्तो नहोस् भनेर कार्ययोजना बनाई समयमै कार्यक्रम सम्पन्न गर्नेबारे कार्यपालिकामै छलफल भएको छ । अबदेखि असार महिनामा मात्र खर्च गर्ने गरी कार्यक्रम गरिने छैन, यसमा सुधार गर्ने हामी प्रतिबद्धता जनाउँदछौं ।

➢ **किसान सूचीकरण गर्दा वास्तविक किसानहरु छुटेका छन् । उनीहरुलाई पनि समेटियोस् ।**

वास्तविक किसानले राज्यको सुविधा पाऊन् भनेर परिचयपत्रका लागि सूचीकरण गरिएको हो र छुटेकाहरूलाई समेट्न विशेष कार्यक्रम पनि चलाइएको थियो । हामीलाई लाग्छ, लगभग सबैजना सूचीकृत भइसक्नुभएको छ । तैपनि, कोही किसान छुट्नुभएको भए कृषि शाखा वा सम्बन्धित वडामा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

- **पालिकाबाट अहिलेसम्म कति अनुदान वितरण भयो ? कसले पायो ? दोहोऱ्याएर वितरण भएको छ कि छैन ? त्यसको विवरण सार्वजनिक गर्नुपऱ्यो । अनुदान दिइएको किसानले कृषि र पशु उत्पादन कति बढाएका छन् ? पालिका कुन कुन उत्पादनमा आत्मनिर्भर भयो ?**

  विगतमा कृषिलाई आधुनिकीकरण गर्न र किसानलाई सहयोग पुर्‍याउन मेसिनरीमा ठूलो लगानी गरियो, जसलाई हाल नियन्त्रण गरिएको छ। उक्त लगानीको अभिलेख हामीसँग सुरक्षित छ र सार्वजनिक गर्न सकिन्छ। तर, अब त्यो लगानीबाट वास्तविक उपलब्धि के भयो भनेर लेखाजोखा गर्नुपर्ने समय आएको छ।

- **महिला समूहलाई दिइएको रकम कागजपत्र मिलाएर फ्र्वाम पारिएको छ। प्रायः एउटै समूहले बर्सेनि अनुदान पाउँछन्, ९० प्रतिशतले फोटो देखाएर पैसा खाइरहेका छन्। अनुगमन तुरुन्तै होस्। पारदर्शी होस्, सबै समूहलाई समानुपातिक हिसावले अनुदान वितरण गरियोस्।**

  महिला सशक्तीकरणका लागि प्रत्येक वडामा ५० हजार रुपैयाँको उद्यमशीलता कार्यक्रम संचालन गरिएको छ। हामीले स्थलगत अनुगमन गरी कामको प्रगति हेरेर मात्र भुक्तानी दिएका छौं। केही समूहले अचार, बेसार खेती जस्ता राम्रा काम गरे पनि कागजपत्र मिलाएर बजेट लिन खोज्नेको भुक्तानी रोकेका छौं र भविष्यमा अनुगमनलाई अझ कडा बनाउनेछौं।

- **प्रदेश र संघबाट भएका काममा पालिकाले अनुगमन गर्न मिल्दैन ? कामको गुणस्तर छैन, भुक्तानी रोकिदिनुपऱ्यो।**

  प्रदेश र संघबाट संचालित योजनाहरूको अनुगमनमा पालिकाको प्रत्यक्ष भूमिका नभए पनि ती योजनाहरू हाम्रो भूगोलभित्र संचालन भएका छन्। त्यसैले, नागरिकको गुनासो आएमा वा गुणस्तरमा प्रश्न उठेमा हामीले सम्बन्धित निकायमा खबरदारी गर्ने र समन्वय गर्ने काम निरन्तर गरिरहेका छौं।

- **वडा नम्बर ९ को कार्यालय भवन जाने बाटोमा माटोमाथि ढलान गरिएको छ। पानी परिरहेको बेलामा गरिएको यस्तो ढलान गुणस्तरीय हुन्छ कि हुँदैन ?**

  प्रदेश र संघबाट संचालित योजनाहरूको प्राविधिक इस्टिमेट र कार्यान्वयनबारे वडा कार्यालय प्रत्यक्ष रूपमा जानकार हुँदैन, किनकि प्राविधिकहरू सिधै माथिबाटै खटिएर आउनुहुन्छ र हामीसँग प्रत्यक्ष समन्वय हुँदैन। जहाँसम्म पानी परेको बेला राति ढलान गरिएको बाटोको कुरा छ, त्यो थाहा पाउने बित्तिकै हामीले पूर्वाधार कार्यालयमा खबर गरेका थियौं। त्यसपछि त्यहाँबाट इन्जिनियरहरू आएर ठेकेदारसँग समन्वय गर्नुभएको छ, तर त्यसको विस्तृत प्रतिक्रिया आइसकेको छैन। वास्तवमा, स्थानीय तहलाई प्रदेश र संघका योजनाहरूमा अनुगमन गर्ने स्पष्ट अधिकार नहुँदा र समन्वयको अभावले यस्ता समस्याहरू देखिने गरेका हुन्।

- **पालिकामा खुलेका केही सहकारीहरु बन्द भएका छन्। बचतकर्ताको रकम डुबेको छ। पालिकाले अनुगमन गरेर बचत फिर्ता हुने व्यवस्था गरोस्।**

  हामीले १७ वटा सहकारीहरुलाई कालो सूचीमा राखेका छौं। अब ती कालो सूचीमा भएका सहकारीहरुका संचालक समितिलाई बोलाएर सेयर सदस्यहरु को कति छन् ? उनीहरुको सेयर के कति छ ? त्यो फिर्ता गर्न लगाउने प्रक्रियामा छौं।

- **विद्यालय व्यवस्थापन समितिहरु गठन गर्दा स्थानीयको भेला भएको छैन। स्थानीयलाई थाहै नदिइ समिति गठन गरिएको छ। समितिमा राजनीतिक व्यक्ति भन्दा पढेलेखेका गैरराजनीतिक व्यक्तिलाई राख्नुपऱ्यो।**

  विद्यालय व्यवस्थापन समिति गठनमा केही ढिलाइ र राजनीतिक खिचातानी देखिएको छ। विद्यालयको शैक्षिक सुधारका लागि समितिमा राजनीतिक व्यक्तिभन्दा पनि सक्षम र शैक्षिक व्यक्तित्व ल्याउनु आवश्यक छ। यसका लागि, हामीले अन्य पालिकाको उदाहरण हेर्दै समितिका सदस्यका लागि निश्चित शैक्षिक योग्यता जस्ता मापदण्ड तोक्ने विषयमा सोचिरहेका छौं। यसबारे राजनीतिक दल र कार्यपालिकासँग छलफल गरी एउटा साझा नीतिगत निर्णय गरिनेछ।

- **विद्यार्थी नभएका विद्यालय अब मर्ज गर्नुपऱ्यो। शिक्षक मात्रै राखेर विद्यार्थी विनाका विद्यालय चलाउन भएन। बरु आवासीय विद्यालय सञ्चालन गरे हुन्छ।**

  विद्यार्थी संख्या कम भएका विद्यालयहरूलाई मर्ज गर्ने तयारी भइरहेको छ। गत वर्षको आवासीय विद्यालय कार्यक्रम प्रभावकारी नदेखिएकाले, अब गाउँपालिकाको केन्द्र नजिकै रहेको हिमालय माविलाई केन्द्रीय आवासीय विद्यालय बनाउने योजना छ। यहाँ अनाथ, असहाय तथा मर्ज भएका विद्यालयका टाढाका विद्यार्थीहरूलाई निःशुल्क खाना-बस्न र छात्रवृत्तिको व्यवस्थासहित राखिनेछ। यस योजनालाई कार्यपालिकाबाट निर्णय गरी अघि बढाइनेछ।

- **समयमा योजना कार्यान्वयन हुन तदारुकता देखाओस् । भदौमै ठेक्का निकालिदिए, समयमै काम हुन्छ । वडाका योजना समयमै सकिन्छन्, पालिकाका योजना असारसम्म पनि कार्यान्वयन नहुने कारण के हो ?**
  केही ठेकेदारहरूले बारम्बार ताकेता गर्दा पनि काममा ढिलाइ गरी आर्थिक वर्षको अन्त्यमा मात्र काम थाल्ने प्रवृत्ति छ यसलाई रोक्न हामीले गत वर्ष कार्तिकसम्मै सबै ठेक्का प्रक्रिया टुङ्ग्याए पनि समस्या ज्यूँका त्यूँ रह्यो। अब, यहाँहरूको सुझावअनुसार कुन काम कहिलेसम्म सक्ने भन्ने स्पष्ट वार्षिक कार्य-क्यालेन्डर बनाएर कडाइका साथ कार्यान्वयन गरिनेछ। आगामी वर्षहरूमा सबै ठेक्का प्रक्रिया भदौ-असोजभित्रै सक्ने प्रतिबद्धता गर्दछौं।
- **पालिकाले सडकको मापदण्डभित्रका घरटहरा भत्काउने भन्ने सुनिएको थियो । त्यो काम कहिलेदेखि सुरु हुन्छ ?**
  हामीले सूचना पनि निकालेका हौं । तर कार्यान्वयन भएको छैन । मान्छेका घर भत्काउन सजिलो पनि छैन । हामीले मानसिक रुपमा दवाव दिन खोजेका हौं । अप्ठ्यारो परेको ठाउँमा भत्काउछौं पनि ।

**गाउँपालिका अध्यक्षको विशेष सम्बोधनः**

नागरिकका गुनासा र सुझावहरूलाई सम्बोधन गर्दै आगामी आर्थिक वर्षदेखि पालिकाले उत्पादन र रोजगारी सिर्जनामा केन्द्रित दुईवटा महत्वपूर्ण र नवीन कार्यक्रमहरू संचालन गर्ने घोषणा गर्नुभयो । किसानहरूले उत्पादन गरेका कृषि उपज (तरकारी, फलफूल, खसीबोका आदि) लाई बजारसम्म पुर्‍याउन पालिकाले 'कृषि एम्बुलेन्स' (बोलेरो गाडी) को व्यवस्था गर्ने बताउनुभयो । यस्तै, पालिकाभित्र बाँझो रहेका जमिनलाई उत्पादनशील बनाउन 'भूमि बैंक' को अवधारणा कार्यान्वयन गर्ने उहाँको घोषणा छ । यसअन्तर्गत जग्गाधनी र खेती गर्न चाहने व्यक्ति/समूहबीच पालिकाले समन्वय गरी लिजमा जग्गा उपलब्ध गराउनेछ । यी कार्यक्रमहरूले स्थानीय उत्पादन वृद्धि र युवा रोजगारीमा प्रत्यक्ष योगदान पुर्‍याउने उहाँको विश्वास थियो ।

**बालमैत्री स्थानीय तह घोषणाको प्रतिबद्धताः**

अध्यक्ष थापाले २०८३ फागुन मसान्तसम्ममा सहिद लखन गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गर्ने दृढ प्रतिबद्धता व्यक्त गर्नुभयो । यसका लागि आवश्यक सूचकहरू जस्तैः सबै बालबालिकाको विद्यालयमा पहुँच, जन्मदर्ता, स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्न पालिकाले विशेष कार्यक्रमहरू संचालन गर्ने बताउनुभयो । उहाँले यो लक्ष्य हासिल गर्न सबै नागरिक, अभिभावक र सरोकारवालाहरूको सक्रिय सहयोग अपरिहार्य रहेको भन्दै सहयोगका लागि अपिल गर्नुभयो ।

**समयमै योजना कार्यान्वयन र सुशासनको प्रत्याभूतिः**

योजनाहरूको कार्यान्वयनमा हुने ढिलासुस्ती र असारमा काम सक्ने प्रवृत्तिलाई अन्त्य गर्न पालिकाले कडाइ गर्ने उहाँले बताउनुभयो । आगामी आर्थिक वर्षको सुरुमै (भदौ-असोजभित्र) ठेक्का प्रक्रिया सक्ने गरी वार्षिक योजना कार्यान्वयन क्यालेन्डर बनाई कडाइका साथ लागू गरिने उहाँले जानकारी दिनुभयो । साथै, सेवा प्रवाहमा पारदर्शिता, निष्पक्षता र नागरिकमैत्री व्यवहार सुनिश्चित गर्न पालिका प्रतिबद्ध रहेको र कुनै पनि कर्मचारी वा जनप्रतिनिधिबाट गल्ती भएमा कारबाही गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## अध्याय ६: विश्लेषण तथा निष्कर्ष

### ६.१ प्रमुख उपलब्धिहरू

- नागरिकहरूले गाउँपालिकाको प्रगतिबारे प्रत्यक्ष जानकारी पाए ।
- जनप्रतिनिधि र कर्मचारीहरूले आफ्नो कामको समीक्षा गर्ने अवसर पाए ।
- 'कृषि एम्बुलेन्स' र 'भूमि बैंक' जस्ता नवीन र समाधानमुखी योजनाहरूको घोषणा भयो ।
- सरकार र जनताबीचको विश्वासको सम्बन्धलाई बलियो बनाउन मद्दत पुग्यो ।

### ६.२ प्रमुख चुनौतीहरू

- सीमित वित्तीय स्रोतका बीच बढ्दो नागरिक अपेक्षालाई सम्बोधन गर्नु ।
- संघ र प्रदेशबाट संचालित योजनाहरूको गुणस्तर र अनुगमनमा पालिकाको भूमिकालाई प्रभावकारी बनाउनु ।
- कर्मचारीको अभाव र अस्थिरतालाई व्यवस्थापन गर्दै सेवा प्रवाहलाई निरन्तरता दिनु ।
- युवा पलायन र निष्क्रियतालाई सम्बोधन गर्न ठोस रोजगारीमूलक कार्यक्रम ल्याउनु ।

### ६.३ निष्कर्ष

अन्तमा, यो सार्वजनिक सुनुवाइ कार्यक्रम सहिद लखन गाउँपालिकाको लागि एक महत्वपूर्ण आत्मसमीक्षाको अवसर बनेको छ। नागरिकबाट प्राप्त सुझाव र गुनासाहरूले गाउँपालिकालाई आगामी दिनमा थप जिम्मेवार र प्रभावकारी बन्न मार्गदर्शन गरेको छ। कार्यक्रममा उठेका सवालहरूलाई केवल सुनुवाइमा सीमित नराखी आगामी नीति तथा कार्यक्रमबाट ठोस रूपमा सम्बोधन गर्न सकेमा मात्र यसको सार्थकता पुष्टि हुनेछ।

## अध्याय ७: सुझावहरू

**गाउँपालिकालाई सुझाव:**

**प्रक्रियागत सरलीकरण:** योजना सम्झौतादेखि भुक्तानीसम्मको प्रक्रियालाई सरल बनाउन स्पष्ट कार्यविधि निर्माण गरी लागू गर्ने ।

**अनुगमन प्रणाली:** योजना अनुगमन र सेवा प्रवाहको अनुगमनका लागि स्पष्ट पात्रो बनाएर नियमित रूपमा कार्यान्वयन गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने ।

**राजस्व वृद्धि:** करको दर नभई दायरा बढाउने नीति लिँदै व्यापार-व्यवसायलाई करको दायरामा ल्याउन घुम्ती शिविर संचालन गर्ने ।

**सूचना प्रवाह:** गाउँपालिकाका निर्णय र कार्यक्रमबारे जानकारी दिन वेबसाइट, सामाजिक सञ्जाल र वडा कार्यालयहरूमार्फत सूचना प्रवाहलाई बढावा दिने ।

**सेवाग्राहीलाई सुझाव:**

**रचनात्मक सहभागिता:** गाउँपालिकाका हरेक गतिविधिमा आलोचनात्मक चेतसहित रचनात्मक रूपमा सहभागी हुने ।

**अनुगमनमा सहयोग:** आफ्नो टोलमा सञ्चालित योजनाहरूको स्व-अनुगमन गरी गुणस्तर कायम गर्न गाउँपालिकालाई सहयोग गर्ने ।

**सामूहिक हितमा जोड:** व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समग्र समुदायको हितका लागि आवाज उठाउने ।

**प्रतिवेदनको सारांश**

सहिद लखन गाउँपालिकाले आयोजना गरेको आर्थिक वर्ष २०८१/८२ को सार्वजनिक सुनुवाई कार्यक्रम गाउँ कार्यपालिकाको कार्यालय, घैरुङमा भव्यताका साथ सम्पन्न भयो। कार्यक्रममा गाउँपालिकाको वार्षिक प्रगति विवरण प्रस्तुत गरिनुका साथै नागरिकका प्रश्न, गुनासा र सुझावहरू संकलन गरी त्यसमाथि पालिकाको तर्फबाट जवाफ तथा प्रतिबद्धता व्यक्त गरिएको थियो।

कार्यक्रममा नागरिकहरूले विशेषगरी पशु बिमा, कृषि अनुदान, पूर्वाधार निर्माणको गुणस्तर, तालिमको प्रभावकारिता, र सेवा प्रवाहमा सहजता जस्ता विषयहरूमा प्रश्न उठाएका थिए। राजनीतिक दलका प्रतिनिधिहरूले पालिकाको बजेटमा चालु खर्चको अंश बढी भएको, उत्पादनमूलक क्षेत्रमा लगानी कम भएको र रोजगारी सिर्जनामा थप ध्यान दिनुपर्ने जस्ता महत्वपूर्ण सुझावहरू प्रस्तुत गरे।

गाउँपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत, उपाध्यक्ष र अध्यक्षले उठेका प्रश्नहरूको जवाफ दिँदै आगामी दिनमा कमजोरीहरू सुधार्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। विशेषगरी, पालिकाले आगामी आर्थिक वर्षदेखि 'कृषि एम्बुलेन्स' संचालन गर्ने र 'भूमि बैंक' को अवधारणा मार्फत बाँझो जमिनलाई उत्पादनमा लगाउने जस्ता दुईवटा नवीन र महत्वपूर्ण योजनाहरू सार्वजनिक गरेको छ। साथै, बालमैत्री स्थानीय शासन घोषणा गर्ने, योजनाहरूको कार्यान्वयनका लागि वार्षिक क्यालेन्डर बनाउने, र सेवा प्रवाहलाई थप नागरिकमैत्री बनाउने प्रतिबद्धता जाहेर गरिएको छ।

समग्रमा, यो कार्यक्रमले पालिका र नागरिकबीचको सम्बन्धलाई थप सुमधुर बनाउँदै पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

## ८. अनुसूचीहरु

### अनुसूची १

**सार्वजनिक सुनुवाइ कार्यक्रम सम्बन्धी सूचना**

"कृषि, पर्यटन र पूर्वाधारको दीगोपन : समृद्ध, सुसंस्कृत शहिद लखन"

सहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा
२०७३

प.सं. २०८१/८२
चलानी नं :

गण्डकी प्रदेश, नेपाल

सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना ।

(मिति : २०८२।०३।२३,नेपाल संवत् ११४५ दिल्लाथ्व, द्वादशी,सोमबार)

प्रस्तुत सम्बन्धमा यस गाउँपालिकाको आयोजना र सहमत मिडिया प्रा.लिको सहजीकरणमा चालु आर्थिक वर्ष २०८१।८२ को तेस्रो चौमासिक सम्म गाउँपालिकाले कार्यसम्पादन गरेका विकासात्मक कार्यहरु, सार्वजनिक सेवा प्रवाहको हाल सम्मको कार्य प्रगतिको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम तपसिल बमोजिमको मिति, समय र स्थानमा सञ्चालन हुने भएकाले उक्त कार्यक्रममा यस गाउँपालिका भित्रका जनप्रतिनिधिज्यूहरु, राजनीतिक दल, पत्रकार, नागरिक समाज, शिक्षक, संघ संस्थाहरु, कर्मचारीहरु, विभिन्न समिति/उपसमितिहरु तथा उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरु लगायत शहिद लखन गाउँपालिकावासी सबैलाई सहभागिताको लागि अनुरोध छ ।

तपसिल :
मिति : २०८२।०३।३० गते सोमबार
समय : विहान ठिक ११ बजे
स्थान : गाउँ कार्यपालिकाको कार्यालय, घैरुङ्ग,गोरखा ।

बाबुराम मगर
प्रमुख प्रशासकीय अधिकृत

बाबुराम मगर
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची २

## सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन।
६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ।
७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन।
९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ।
१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ।

# अनुसूची ३

## बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन

बहिर्गमन अभिमत (Exit Poll)

शहिद लखन गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या ५० जना।

१. **कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | ४४ प्रतिशत |
| दर्ता नवीकरण | १६ प्रतिशत |
| आर्थिक सहयोग लिन | २ प्रतिशत |
| योजना माग गर्न | १२ प्रतिशत |
| भुक्तानी लिन | ३६ प्रतिशत |
| सूचनामुलक सामग्री प्राप्त गर्न | ६ प्रतिशत |
| अन्य कुनै भए | २४ प्रतिशत |

२. **सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| अति स्पष्ट | ठीकै | अस्पष्ट |
|---|---|---|
| २८ प्रतिशत | ७० प्रतिशत | २ प्रतिशत |

३. **सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?**

| अति धैरै | ठीकै | थोरै |
|---|---|---|
| २६ प्रतिशत | ७२ प्रतिशत | २ प्रतिशत |

४. **तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
|---|---|---|
| ४४ प्रतिशत | ५६ प्रतिशत | ० प्रतिशत |

५. **सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि**

| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
|---|---|---|
| ३२ प्रतिशत | ६२ प्रतिशत | ६ प्रतिशत |

**६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
|---|---|---|
| ६६ प्रतिशत | २० प्रतिशत | १४ प्रतिशत |

**७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
|---|---|---|
| ५० प्रतिशत | ३८ प्रतिशत | १२ प्रतिशत |

**पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?**

**राम्रा लागेका कुराहरु**

१. वडा वडामा सार्वजनिक सुनुवाइ गरेको राम्रो लाग्यो । पालिकासम्म आउन नसक्ने जनताले वडामै आफ्नो गुनासा राख्न पाएका छन् ।

२. पालिकाबाट सेवाग्राहीलाई गर्ने व्यवहार राम्रो छ । सेवा प्रवाह प्रभावकारी छ ।

३. घरघरमा खानेपानीको धारा विस्तार गरिएको छ । पानीको मुहानहरु दर्ता गर्ने र अभाव भएको ठाउँमा पानी पुऱ्याउन प्रयत्न गरिएको छ ।

४. गाउँपालिकाको भवन भब्य बनेको छ । गाउँमा सिंह दरबार आएको भवन हेरेरै महशुस गर्न पाइयो । शाखाहरु व्यवस्थित गरिएको छ, सेवा लिन सहज भएको छ ।

५. विकास निर्माणको काममा वडा-वडाबीच प्रतिश्पर्धा गरेर पुरस्कार दिएको राम्रो लाग्यो ।

६. कर्मचारी र जनप्रतिनिधिले सेवाग्राही नागरिकलाई गर्ने 'रेस्पोन्स' राम्रो छ ।

७. पालिकाले गर्ने कार्यक्रमहरु वेभसाइट र फेसबुकमा तुरुन्तै सूचना पाइन्छ ।

८. विपन्न विद्यार्थीहरुलाई छात्रबृत्ति दिएको छ । विद्यालय छोड्न लागेका विद्यार्थी पनि विद्यालय जान थालेका छन् । पालिकालाई धन्यवाद ।

९. पालिकाबाट गरेका काम चित्तबुझ्दो भैरहेको छ । खासै गुनासो गर्नुपर्ने छैन ।

१०. आजभोलि जनप्रतिनिधिहरुले जनश्रमदानलाई निकै प्राथमिकता दिएका छन् । नागरिकहरुलाई जनश्रमदानमा जुट्न प्रेरणा थपेका छन् ।

११. गाउँमै गर्भवती महिलाहरुलाई अल्ट्रासाउण्ड सेवा दिएको छ । हतारिएर गोरखा बजार पुग्नुपर्दैन ।

**सुधार गर्नुपर्ने सुझावहरु**

१. गाउँपालिकाको मुख्य सडक ढुंगागाडे-नामजुङ-मनकामना सडकको स्तरोन्नती गर्न सम्पूर्ण जनप्रतिनिधि एकजुट भएर लाग्नुपऱ्यो । बर्खामा जतातर्तै पहिरो झर्ने अवस्था छ, अहिले नै विपद् कोषमा रकम राखेर पहिरो झर्ने बित्तिकै मर्मत गर्ने वातावरण तयार गरियोस् ।

२. प्राकृतिक स्रोत साधन प्रयोग गरेवापत कर लिने गरिएको छ । उपभोक्ता समिति र निर्माण व्यवसायीलाई यसले मर्का पऱ्यो । गाउँको विकासमा सामग्री प्रयोग गर्दा कर नलिने व्यवस्था गरियोस् ।

३. पालिकाबाट अहिलेसम्म कति अनुदान वितरण भयो ? कसले पायो ? दोहोऱ्याएर वितरण भएको छ कि छैन ? त्यसको विवरण सार्वजनिक गर्नुपऱ्यो ।

४. अनुदान दिइएको किसानले कृषि र पशु उत्पादन कति बढाएका छन् ? पालिका कुन कुन उत्पादनमा आत्मनिर्भर भयो ?

५. पालिकामा खुलेका केही सहकारीहरु बन्द भएका छन् । बचतकर्ताको रकम डुबेको छ । पालिकाले अनुगमन गरेर बचत फिर्ता हुने व्यवस्था गरोस् ।

६. किसान सूचीकरण गर्दा वास्तविक किसानहरु छुटेका छन् । उनीहरुलाई पनि समेटियोस् ।

७. विद्यालय व्यवस्थापन समितिहरु गठन गर्दा स्थानीयको भेला भएको छैन । स्थानीयलाई थाहै नदिइ समिति गठन गरिएको छ । समितिमा राजनीतिक व्यक्ति भन्दा पढेलेखेका गैरराजनीतिक व्यक्तिलाई राख्नुपऱ्यो ।

८. विद्यार्थी नभएका विद्यालय अब मर्ज गर्नुपऱ्यो । शिक्षक मात्रै राखेर विद्यार्थी विनाका विद्यालय चलाउन भएन । बरु आवासीय विद्यालय सञ्चालन गरे हुन्छ ।

९. प्रदेश र संघबाट भएका काममा पालिकाले अनुगमन गर्न मिल्दैन ? कामको गुणस्तर छैन, भुक्तानी रोकिदिनुपऱ्यो ।

१०. वडा नम्बर ९ को कार्यालय भवन जाने बाटोमा माटोमाथि ढलान गरिएको छ । पानी परिरहेको बेलामा गरिएको यस्तो ढलान गुणस्तरीय हुन्छ कि हुँदैन ?

११. पर्याप्त मात्रामा मल पाइएको छैन । मल नभएर खेती फस्टाएन । सहज रुपमा मल पाउने गरी पालिकाले व्यवस्था गर्नुपऱ्यो ।

१२. निर्माण सामग्री बाहिरबाट पालिकामा ल्याउँदा त्यसको दररेट पालिकाले नै तोकिदिनुपर्‍यो । ठूला ठेक्कामा कायम गरिएको दररेट सानोतिनो घर बनाउँदा तिर्न सकिँदैन । साह्रै समस्या भएको छ ।
१३. कार्यालयको भवन भब्य बनेको देखियो । तर भवनसम्म आउने बाटो र आँगन राम्रो भएन । यसलाई पनि आकर्षक बनाइयोस्
१४. पालिकाले सडकको मापदण्डभित्रका घरटहरा भत्काउने भन्ने सुनिएको थियो । त्यो काम कहिलेदेखि सुरु हुन्छ ?
१५. कार्यविधि बनाएर शिक्षक सरुवा गर्ने भनिएको थियो, अहिलेसम्म त्यो नियम किन कार्यान्वयन भएन ? माविमा पनि निमाविका शिक्षक प्रधानध्यापक भैरहेका छन् । दरबन्दी मिलानमा राजनीतिक पूर्वाग्रह बढी भयो ।
१६. यति धेरै लगानी शिक्षामा भएको छ, तर लगानी अनुसारको प्रतिफल कतैपनि आएन । कारण खोजी किन भएन ? शिक्षकहरुले बढी राजनीति गरेका छन् । नियन्त्रण गरियोस् ।
१७. महिला समूहलाई दिइएको रकम कागजपत्र मिलाएर झ्वाम पारिएको छ । प्रायः एउटै समूहले बर्सेनि अनुदान पाउँछन्, ९० प्रतिशतले फोटो देखाएर पैसा खाइरहेका छन् । अनुगमन तुरुन्तै होस् । पारदर्शी होस्, सबै समूहलाई समानुपातिक हिसावले अनुदान वितरण गरियोस् ।
१८. पालिकामा भएका गाडीहरुले खर्च मापदण्ड पालना भएको छैन । कसले चढ्ने गाडीले के सुविधा पाउने हो ? त्यो अनुगमन गरेर बढी स्रोत उपयोग गर्नेको फिर्ता लिइयोस् ।
१९. समयमा योजना कार्यान्वयन हुन तदारुकता देखाओस् । भदौमै ठेक्का निकालिदिए, समयमै काम हुन्छ । वडाका योजना समयमै सकिन्छन्, पालिकाका योजना असारसम्म पनि कार्यान्वयन नहुने कारण के हो ?
२०. तालिमहरु असार लागेपछि मात्रै किन हुन्छ ? तालिम किन समयमा हुँदैन ? कि समयमा गरियोस्, नभए नगरेपनि हुन्छ । पालिकाले आगामी दिनमा ध्यान दियोस् ।

## **नागरिक प्रतिवेदन** (Citizen Report Card)

**शहिद लखन गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको प्रतिबेदन–सहभागि नागरिक ५० जना ।**

**१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| | | |
|---|---|---|
| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| २६ प्रतिशत | ७४ प्रतिशत | ० प्रतिशत |

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| | | |
|---|---|---|
| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| ३६ प्रतिशत | ६४ प्रतिशत | ० प्रतिशत |

**३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?**

| | | |
|---|---|---|
| निशुल्क पाएका छौं | पैसा तिरेर किन्नु पर्छ | खै थाहा छैन |
| ७६ प्रतिशत | ० प्रतिशत | २४ प्रतिशत |

**४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

| | | |
|---|---|---|
| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
| ९६ प्रतिशत | ४ प्रतिशत | ० प्रतिशत |

**५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?**

| | | |
|---|---|---|
| उपलब्ध छन् | अलिअलि उपलब्ध छन् | उपलब्ध छैनन् |
| ४२ प्रतिशत | ४८ प्रतिशत | १० प्रतिशत |

**६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| छ | छैन | अलिअलि थाहा छ । |
| ४६ प्रतिशत | २४ प्रतिशत | ३० प्रतिशत |

**७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | आंशिक प्रभावकारी छन् | प्रभावकारी छैनन् |
| ६८ प्रतिशत | ३२ प्रतिशत | ० प्रतिशत |

**८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?**

| | | |
|---|---|---|
| १ पटक | २ पटक | सो भन्दा बढी |
| ७० प्रतिशत | २६ प्रतिशत | ४ प्रतिशत |

**९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | नराम्रो |
| ८६ प्रतिशत | १४ प्रतिशत | ० प्रतिशत |

**भवन त राम्रो छ, आँगन पनि राम्रो बनाए हुन्थ्यो ।**

**१०. कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाइ जानकारी छ ?**

| | | |
|---|---|---|
| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
| ४० प्रतिशत | ३४ प्रतिशत | २६ प्रतिशत |

**११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
| ७८ प्रतिशत | २२ प्रतिशत | ० प्रतिशत |

**१२. राजस्व, शुल्क तथा दस्तुर को–कससंग उठाउने गर्दछन् ?**

| | | |
|---|---|---|
| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराब |
| ४० प्रतिशत | ६० प्रतिशत | ० प्रतिशत |

**१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराव |
| ३२ प्रतिशत | ५६ प्रतिशत | १२ प्रतिशत |

**१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
| ४६ प्रतिशत | ५० प्रतिशत | ४ प्रतिशत |

**१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

| | | |
|---|---|---|
| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
| ९४ प्रतिशत | ० प्रतिशत | ४ प्रतिशत |

**१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईलाई बोलाउने गरेको छ कि छैन ?**

| | | |
|---|---|---|
| बोलाएको छ | अहिलेसम्म बोलाएको छैन | पालिकाले कानून पनि बनाउँछ र ? |
| ० प्रतिशत | ७४ प्रतिशत | २६ प्रतिशत |

**१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| | | |
|---|---|---|
| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| ९४ प्रतिशत | ६ प्रतिशत | ० प्रतिशत |

**१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?**

| | | |
|---|---|---|
| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
| ५८ प्रतिशत | ३४ प्रतिशत | ८ प्रतिशत |

**२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| १८ प्रतिशत | ५२ प्रतिशत | ३० प्रतिशत |

# अनुसूची ४

**शहिद लखन गाउँपालिका, सार्वजनिक सुनुवाई कार्यक्रम–२०८२ कार्यक्रम तालिका**

| | | | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | रमेशबाबु थापा-अध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>इन्दिरा तिवारी-उपाध्यक्ष<br>बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरुः**<br>प्रेम गुरुङ-अध्यक्ष, वडा नम्बर १<br>सकुन थापा-अध्यक्ष, वडा नम्बर २<br>दीपक पाण्डे-अध्यक्ष, वडा नम्बर ३<br>यमबहादुर थापा-अध्यक्ष, वडा नम्बर ४<br>यमबहादुर राना मगर-अध्यक्ष, वडा नम्बर ५<br>दिलिपनारायण थापा-अध्यक्ष, वडा नम्बर ६<br>शरण श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ७<br>बासुदेव ढकाल-अध्यक्ष, वडा नम्बर ८<br>रामकुमार श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ९<br>कार्यपालिका सदस्य तथा अन्य जनप्रतिनिधिहरु<br>**जवाफदेही**<br>सन्तोष लामिछाने-प्रमुख, लेखा शाखा<br>राजन रानाभाट-प्रमुख, पूर्वाधार शाखा<br>राजेन्द्र खनाल-प्रमुख, शिक्षा शाखा<br>वीरेन्द्र श्रेष्ठ-प्रमुख, स्वास्थ्य शाखा<br>नविन अधिकारी-प्रमुख, कृषि विकास शाखा<br>यामबहादुर बूकट्टा-प्रमुख, प्रशासन शाखा<br>डा. विवेक पुडासैनी-प्रमुख, पशु सेवा शाखा<br>पूर्णबहादुर गहतराज-प्रमुख, सामाजिक, जिन्सी<br>सानुकाजी बस्नेत-प्रमुख, योजना, अनुगमन, तथ्यांक<br>अर्पण थापा-रोजगार संयोजक<br>**सहजकर्ता** : प्रकाश ढकाल<br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु। |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | इन्दिरा तिवारी-उपाध्यक्ष |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी | | वडा सचिव ६, महेन्द्र सिग्देल<br>बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहमत मिडिया प्रालि |
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | रमेशबाबु थापा, अध्यक्ष, इन्दिरा तिवारी, उपाध्यक्ष<br>बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>वडाध्यक्षहरु<br>शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>रमेशबाबु थापा, अध्यक्ष |
| १०. | | धन्यवाद सहित समापन | कार्यक्रम अध्यक्ष |

## अनुसूची ५

## पालिकाको सेवा प्रवाह र विकास निर्माण

## आब २०८१।०८२ को हालसम्मको आयव्यय

| आय व्ययको विवरण | | | |
|---|---|---|---|
| **आय** | | | |
| शीर्षक | वास्तविक आय | आम्दानी (%) | कैफियत |
| संघीय सरकार | ३७८३२९८२०. | ९००६. | |
| प्रदेश सरकार | २७६६६०००. | ९०७७. | |
| राजस्व बाडफाड | ९८३०३६१६९. | ८०४८. | |
| बैंक मौज्दात | ३६६५७७५१४३. | १०० | |
| अन्तरिक श्रोत | २१०७७८६९४३. | ९५९३. | |
| व्यय | | | |
| चालु | ३८५०९००२८९. | ८०२९. | |
| पूंजीगत | ११६८३९१७७४३. | ७५७३. | |
| जम्मा | ५०१९२९२०६३३. | ७९१८. | |

**घटना दर्ता र सामाजिक सुरक्षा भत्ताको अवस्था**

| क्र.सं. | विवरण | संख्या | सामाजिक सुरक्षा | संख्या | भुक्तानी |
|---|---|---|---|---|---|
| १. | जन्मदर्ता | ५७७ | ज्येष्ठ नागरिक | ३१६२ | पालिकाले समग्रमा ४ हजार ७ सय ६८ जना लाभग्राहीलाई तीन किस्तामा १९ करोड ३४ लाख ५० हजार ५८१ रुपैयाँ भुक्तानी दिएको छ। |
| २. | मृत्युदर्ता | २९९ | ज्येष्ठ ना. (दलित) | २०६ | |
| ३. | सम्बन्ध विच्छेद | ५७ | ज्येष्ठ एकल महिला | २४७ | |
| ४. | विवाह दर्ता | ३४९ | विधवा | ५०३ | |
| ५. | बसाईंसराई (आउने) | ८ | पूर्ण अपांग | १११ | |
| ६. | बसाईंसराईं (जाने) | ४२ | ख वर्ग अपांग | २०९ | |
| **जम्मा** | | १३८० | दलित बालबालिका | २९५ | |

**योजना कार्यान्वयन**

| **विवरण** | **संख्या** | **सम्झौता भएका योजना** | **भुक्तानी भएका** |
|---|---|---|---|
| उपभोक्ता समितिबाट हुने योजना | 18१ | 181 | 181 |
| ठेक्का मार्फत हुने योजना | १० | ८ | १ |
| क्रमागत योजना | ४ | ३ | १ |

# अनुसूची ६

## सार्वजनिक सुनुवाइ कार्यक्रमका तस्विरहरु
























ALSTONE



## अनुसूची ७

## सार्वजनिक सुनुवाइ कार्यक्रमको उपस्थिति

आज मिति २०८२।०३।३० गतेका दिन सहिद लखन गाउँपालिकाका आदरणीय अध्यक्ष श्री रमेश बाबु थापा मगरज्यूको अध्यक्षतामा आर्थिक वर्ष २०८१।८२ को तेस्रो चौमासिकसम्म गाउँपालिकाबाट भएका कार्यहरुको सम्बन्धमा सार्वजनिक सुनुवाई सहिद लखन गाउँपालिकाको बहुउद्देश्यीय सभाहलमा निम्नानुसारको उपस्थितिमा सम्पन्न भयो ।

तपसिलः

१. अध्यक्षः श्री रमेश बाबु थापा मगर
२. उपाध्यक्षः श्री इन्दिरा तिवारी
३. प्रमुख प्रशासकीय अधिकृतः श्री बाबुराम मगर
४. वडा अध्यक्ष, वडा नं. १: श्री प्रेम गुरुङ
५. वडा अध्यक्ष, वडा नं. २: श्री शकुन थापा
६. वडा अध्यक्ष, वडा नं. ३: श्री दिपक पाण्डे
७. वडा अध्यक्ष, वडा नं. ४: श्री यम बहादुर थापा
८. वडा अध्यक्ष, वडा नं. ५: श्री याम बहादुर राना
९. वडा अध्यक्ष, वडा नं. ६: श्री दिलिप नारायण थापा
१०. वडा अध्यक्ष, वडा नं. ७: श्री शरण श्रेष्ठ
११. वडा अध्यक्ष, वडा नं. ८: श्री बासुदेव ढकाल
१२. वडा अध्यक्ष, वडा नं. ९: श्री रामकुमार श्रेष्ठ
१३. कार्यपालिका सदस्यः श्री कृष्ण बहादुर प्रजा
१४. कार्यपालिका सदस्यः श्री लिना थापा
१५. कार्यपालिका सदस्यः श्री गीता परियार
१६. कार्यपालिका सदस्यः श्री हस्त कुमारी गुरुङ
१७. कार्यपालिका सदस्यः श्री शोभा नेपाली
१८. कार्यपालिका सदस्यः श्री बिमला अंगाई ढुंगाना
१९. वडा सदस्य, वडा नं. ६: श्री नर बहादुर पुडासैनी
२०. वडा सदस्य, वडा नं. ६: श्री बिमला वि .क
२१. वडा सदस्य, वडा नं. ६: श्री दुर्गा प्रसाद पौडेल
२२. काजी राम अधि नेकपा एमाले पालिका अध्यक्ष
२३. धुन खनाल अध्यक्ष - नेकपा (माओवादी केन्द्र)
२४. भीम बहादुर खड्का श.ल.गा.पा ८ नं. वडा सदस्य
२५. लेखमाया सिंजेल वडा सदस्य - ४
२६.
२७. आशोमा थापा वडा सदस्य - ५
२८. सन्तोष कोइराला (शिक्षक, हिमालय मा.वि.)
२९. प्रेम राका टोल सुधार सदस्य
३०. भीम बहादुर थापा श.ल.गा.पा ४
३१. कृष्ण राज पन्त श्री भगवती हिमालय मा.वि.
३२.
३३. नारायण प्रसाद रेग्मी - प्रदिप लम्साल - ६
३४. चन्द्र प्रसाद रेग्मी ,, ,, ,,
३५. विष्णु प्रसाद रेग्मी ,, ,, ,,
३६. इन्द्र प्रसाद पौडेल ,, ,, ,,
३७. दिपक लामिछाने श.ल.गा.पा ६ लाम्पाटा,,
३८. प्रेम प्र. रेग्मी ,, ,, ,,
३९. तेज प्र. ढकाल ,, ,, ६ खनी
४०. गिरिधरी ढकाल
४१. सीताराम ढकाल ,,
४२. रामेश्वर आले
४३.
४४. भगवति खरेल
४५. बहादुर गुरुङ श.ल.गा.पा ०६
४६. लोक ब. गुरुङ
४७. डिल ब नेपाली पीपलडाँडा
४८. प्रदिप ढकाल खरेङ, ६ खनी
४९. मनुराज थापा मगर शहिद लखन गा.पा.-६
५०. ,, ,, ,, ,,
५१. शाईन कालिका - ६
५२. फुल माया वि.क. श.ल.गा.पा. - ६
५३. हिरा बहादुर वि.क. श.ल.गा.पा. - ६
५४. मन बहादुर श्रेष्ठ श.ल. गा.पा ६
५५. मैली माया श्रेष्ठ श.ल. गा.पा ६
५६. सन्तोष लामिछाने जे.अ.
५७. राजेन्द्र खनाल शिक्षा अधिकृत
५८.
५९. सुजन जंग थापा (कृषि स्नातक)
६०. डा. विवेक पुडासैनी (पशु चिकित्सक)
६१. अर्पण थापा (रोजगार संयोजक, श.ल.गा.पा.)
६२.
६३. ई. राजन रजाल (प्रमुख निजामती सेवा)
६४. कृष्ण कुमार अधिकारी अ.प्र.
६५. उद्दित नारायण राय वडा प्राविधिक
६६. विनोद परियार का.स.
६७. गणेश श्रेष्ठ अ. प्र.
६८. भुमिका थापा ३.वि.स.
६९. मनिता श्रेष्ठ
७०. सन्तोष थापा मगर (प्रा.स.)
७१. अनिल थापा मगर (अनिल)
७२. सोम आले (MIS operator)
७३. जितेन्द्र कुमार चौधरी (सब इन्जिनियर)
७४.) रणदीप कुमार यादव वडा सचिव श.ल.गा.पा.-५
७५ हिरा वि.क. रोजगार सहायक श.ल.गा.पा.
७६) भगवती कंडेल प्रधानाध्यापक श्री चन्द्रकला प्रा.वि.
७७. महेन्द्र सिग्देल अ.स.ई. प्रा.-६
७८. यम (याम बहादुर गुरुङ) प्र.अ. श.ल.गा.पा
७९. विश्व श्रेष्ठ अ.स.ई. ,,
८०. कुसुम गुरुङ मनोसामाजीक परामर्शकर्ता ,,
८१ सृजना राना आले फिल्ड सहायक
८२ वन्दना वली ३.वि.स ,,
८३ सर्मिला गुरुङ का.स. ,,

समाप्त ।